# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम नेपाल राष्ट्र बैंकसँग सम्बन्धित विवरण








२०७८ पुस

**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।

# भूमिका

मुलुकको केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले सम्पादन गर्दै आएका काम कारवाहीहरू सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्ने परम्परा रहेको छ। सोहीअनुसार बैंकले नियमित रूपमा विभिन्न सामग्रीहरू प्रकाशन गर्ने तथा आफ्नो वेबसाइट www.nrb.org.np मार्फत सार्वजनिक गर्दै आएको छ । यसै क्रममा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकायका काम कारवाहीलाई खुला र पारदर्शी बनाउनुपर्ने हुन्छ। यस ऐनले सार्वजनिक निकायका नीतिगत, प्रक्रियागत तथा व्यवस्थापकीय गतिविधि समेटेर विवरणहरू सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ । सोही प्रावधानबमोजिमका विषयवस्तु समेटी यो पुस्तिका प्रकाशन गरिएको छ।

यो पुस्तिका प्रकाशन गर्न सहयोग पुऱ्याउनु हुने सम्बन्धित विभाग/महाशाखा/कार्यालयहरू सबैमा धन्यवाद ज्ञापन गर्दछु।

सूचना अधिकारी
नेपाल राष्ट्र बैंक

मितिः २०७८ पुस

# विषयसूची

विवरण | पेज नं.


| | | |
|---|---|---|
| १. | नेपाल राष्ट्र बैंक | १ |
| २. | सङ्गठनात्मक स्वरूप | २ |
| ३. | नेपाल राष्ट्र बैंकको स्वीकृत दरबन्दी र कर्मचारी संख्या | २ |
| ४. | कार्य क्षेत्र | ३ |
| ५. | नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा | ३ |
| ६. | गुनासो सुनुवाइसम्बन्धी व्यवस्था | ३ |
| ७. | विभाग, महाशाखा र जिम्मेवार अधिकारीको सम्पर्क टेलिफोन नम्बर | ४ |
| ८. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ५ |
| ९. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ६ |
| १०. | निर्णयउपर उजुरी सुन्ने अधिकारी | ६ |
| ११. | सम्पादन गरेको कामको विवरण | ६ |
| १२. | सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बर | ८ |
| १३. | ऐन, नियम र निर्देशिकाको सूची | ९ |
| १४. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण | १२ |
| १५. | अन्य विवरण | १३ |

## १. नेपाल राष्ट्र बैंक

### (क) परिचय

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन) अनुसार मुलुकको केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले आफ्नो काम कारबाही गर्दै आएको छ । यस बैंकले नेपाली मुद्राको निष्कासन, बैंकिङ तथा वित्तीय क्षेत्रको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन, मूल्य स्थिरता, शोधनान्तर स्थिरता, विदेशी विनिमय व्यवस्थापन, आर्थिक अनुसन्धान तथा अन्वेषण, बैंकिङ तथा भुक्तानी प्रणालीको विकास, वित्तीय पहुँच अभिवृद्धि लगायत कार्य गर्दछ । नेपाल राष्ट्र बैंक नेपाल सरकारको आर्थिक सल्लाहकार पनि हो ।

### (ख) दूरदृष्टि

आधुनिक, गतिशील, विश्वसनीय र प्रभावकारी केन्द्रीय बैंकको रूपमा स्थापित हुने दूरदृष्टि यस बैंकले लिएको छ ।

### (ग) लक्ष्य

मौद्रिक, विदेशी विनिमय र वित्तीय क्षेत्रसम्बन्धी सबल (sound) र प्रभावकारी नीतिका माध्यमबाट समग्र आर्थिक स्थायित्व हासिल गर्ने लक्ष्य लिएको छ ।

### (घ) उद्देश्य

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन) मा बैंकका उद्देश्यहरू देहाय बमोजिम निर्धारण गरिएको छ :

(क) आर्थिक स्थायित्व[1] र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने,

(ख) वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने,

(ग) सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने,


उपर्युक्त उद्देश्यमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी बैंकले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ ।

---

[1] दोश्रो संशोधनद्वारा संशोधित (२०७३।०७।२९)

## २. सङ्गठनात्मक स्वरूप

नेपाल राष्ट्र बैंकको सङ्गठन तालिका यसप्रकार रहेको छ :




## ३. नेपाल राष्ट्र बैंकको स्वीकृत दरबन्दी र कर्मचारी संख्या:

आर्थिक वर्ष २०७८/७९ सालको निम्ति नेपाल राष्ट्र बैंकको स्वीकृत दरबन्दी देहायबमोजिम रहेको छ :

| तह | संख्या |
|---|---|
| अधिकृत विशिष्ट | १८ |
| अधिकृत प्रथम | ५६ |
| अधिकृत द्वितीय | २०३ |
| अधिकृत तृतीय | ३७० |
| सहायक प्रथम | १७० |
| सहायक द्वितीय | २९९ |
| सहायक तृतीय | १८ |
| कार्यालय सहयोगी प्रथम | १२ |
| कार्यालय सहयोगी द्वितीय | २४ |
| कार्यालय सहयोगी तृतीय | ० |
| कार्यालय सहयोगी चतुर्थ | ५६ |
| **कुल स्वीकृत दरबन्दी** | **१,२२६** |

२०७८ पुस मसान्तसम्म कार्यरत कुल कर्मचारी संख्या : **१,०५३**

## ४. कार्य क्षेत्र

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन) मा नेपाल राष्ट्र बैंकका कार्यहरू देहायबमोजिम निर्धारण गरिएको छ :

(क) बैंक नोट तथा सिक्का निष्कासन गर्ने,

(ख) मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयन गर्ने, गराउने,

(ग) विदेशी विनिमय नीति निर्माण गर्ने तथा सो नीति कार्यान्वयन गर्ने, गराउने,

(घ) विनिमय दर पद्धति निर्धारण गर्ने,

(ङ) विदेशी विनिमय सञ्चितिको व्यवस्थापन र सञ्चालन गर्ने,

(च) वाणिज्य बैंक तथा वित्तीय संस्थालाई बैंकिङ तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो कारोबारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(छ) नेपाल सरकारको बैंकर, सल्लाहकार तथा वित्तीय एजेन्टको रूपमा कार्य गर्ने,

(ज) वाणिज्य बैंक तथा वित्तीय संस्थाको बैंक तथा अन्तिम ऋणदाताको रूपमा कार्य गर्ने,

(झ) भुक्तानी, फछ्र्यौट (क्लियरिङ) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित गर्ने, र

(ञ) तरलता व्यवस्थापनको निमित्त आवश्यक उपकरणको माध्यमद्वारा खुला बजार कारोवार सञ्चालन गर्ने,

(ट) यस ऐन बमोजिम बैंकको उद्देश्य हासिल गर्नको निमित्त बैंकले गर्नु पर्ने अन्य आवश्यक कार्यहरू कार्यान्वयन गर्ने, गराउने ।

## ५. नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा

(क) माथि बुँदा नं. ४ मा उल्लिखित कार्य क्षेत्र अन्तर्गतका कार्यहरू ।

(ख) सरकारी कारोबार अन्तर्गत सर्वसाधारणलाई बैंकिङ सेवा प्रदान गर्ने ।

(ग) सर्वसाधारणलाई नेपाली रुपैयाँ सटही सुविधा उपलब्ध गराउने ।

(घ) सर्वसाधारणलाई विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने ।

(ङ) बैंकको दैनिक प्रशासन सम्बन्धी कार्यहरू ।

(च) आर्थिक अनुसन्धान तथा अन्वेषण गर्ने ।

## ६. गुनासो सुनुवाइसम्बन्धी व्यवस्था

नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्था, अनुमतिप्राप्त भुक्तानी सेवा सञ्चालक/प्रदायक, विप्रेषण कम्पनी, मनिचेञ्जर लगायतका संस्थालाई ग्राहकप्रति निष्पक्ष, विश्वसनीय र पारदर्शी ढङ्गले सेवा प्रवाहलाई निष्पक्ष तुल्याउने उद्देश्यले 'वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि, २०७७' जारी गरिएको छ । ग्राहकको गुनासो सुनुवाइको निम्ति वरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा आठ सदस्यीय गुनासो व्यवस्थापन समिति गठन गरिएको छ । समितिमा अर्का डेपुटी गभर्नर, बैंक तथा वित्तीय संस्था नियमन विभाग र बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक, अर्थ मन्त्रालयका सहसचिव, नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि सदस्य र नियमन विभागका निर्देशक सदस्य-सचिव रहने व्यवस्था राखिएको छ । समितिको सचिवालयको रूपमा कार्य गर्न बैंक तथा वित्तीय संस्था नियमन विभागअन्तर्गत 'वित्तीय ग्राहक संरक्षण इकाई' गठन गरिएको छ । साथै, गुनासो सुनुवाइलाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले गुनासो सुनुवाइ पोर्टल (http://gunaso.nrb.org.np) सञ्चालनमा ल्याइएको छ ।

७. **विभाग, कार्यालय, महाशाखा, इकाई र जिम्मेवार अधिकारीको सम्पर्क टेलिफोन नम्बर**

| क्र.सं. | जिम्मेवार अधिकारी | विभाग/महाशाखा/ कार्यालय | टेलिफोन नम्बर |
|---|---|---|---|
| १. | कार्यकारी निर्देशक<br>डा. नेफिल मातङ्गि मास्के | गभर्नरको कार्यालय | ०१-४४१०३८६<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ३२० |
| २. | कार्यकारी निर्देशक<br>श्री देवकुमार ढकाल | बैंक तथा वित्तीय संस्था नियमन विभाग | ०१-४४११४०७<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १०३ |
| ३. | कार्यकारी निर्देशक<br>श्री मुकुन्दकुमार क्षेत्री | वित्त व्यवस्थापन विभाग | ०१-४४११६२२<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १०९ |
| ४. | कार्यकारी निर्देशक<br>श्री पिताम्बर भण्डारी | वित्त कम्पनी सुपरिवेक्षण विभाग | ०१-४४४१०४०<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १३२ |
| ५. | कार्यकारी निर्देशक<br>श्री ऋषिकेश भट्ट | सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग | ०१-४४११८३४<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १०४ |
| ६. | कार्यकारी निर्देशक<br>श्री प्रदीपराज पौड्याल | विकास बैंक सुपरिवेक्षण विभाग | ०१-४४१२३०७<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ७२५ |
| ७. | कार्यकारी निर्देशक<br>डा. गुणाकर भट्ट | बैंक सुपरिवेक्षण विभाग | ०१-४२२२३४०<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ४९१ |
| ८. | कार्यकारी निर्देशक<br>श्री नरेश शाक्य | मौद्रिक व्यवस्थापन विभाग | ०१-४४२४८४०<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ३३१ |
| ९. | कार्यकारी निर्देशक<br>श्री सुमनकुमार अधिकारी | लघुवित्त संस्था सुपरिवेक्षण विभाग | ०१-४४१३१३६<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ५०२ |
| १०. | कार्यकारी निर्देशक<br>डा. प्रकाशकुमार श्रेष्ठ | आर्थिक अनुसन्धान विभाग | ०१-४४१७४९७<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. २०० |
| ११. | कार्यकारी निर्देशक<br>श्री रेवतीप्रसाद नेपाल | मुद्रा व्यवस्थापन विभाग | ०१-४४४१०४५<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १२२ |
| १२. | कार्यकारी निर्देशक<br>श्री रामु पौडेल | विदेशी विनिमय व्यवस्थापन विभाग | ०१-४४१२२०४<br>०१-४४१९-८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १०६ |

| | | | |
|---|---|---|---|
| १३. | कार्यकारी निर्देशक<br>श्री विश्रुत थापा | आन्तरिक लेखापरीक्षण विभाग | ०१-५०१०१७७<br>०१-४४१९- ८०४ (८०५-८०७) एक्सटेन्सन नं. ७६९ |
| १४. | कार्यकारी निर्देशक<br>श्री रामबहादुर मानन्धर | बैंकिङ विभाग | ०१-४४४१०४६<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १२६ |
| १५. | कार्यकारी निर्देशक<br>श्री दयाराम शर्मा | संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग | ०१-४२२२१२८<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ४७५ |
| १६. | कार्यकारी निर्देशक<br>श्री तुलसीप्रसाद घिमिरे | जनशक्ति व्यवस्थापन विभाग | ०१-४४१४०१४<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १०५ |
| १७. | कार्यकारी निर्देशक<br>श्री गुरुप्रसाद पौडेल | भुक्तानी प्रणाली विभाग | ०१-४४४३८७८<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ५०३ |
| १८. | निर्देशक<br>श्री शिवराम दवाडी | सूचना प्रविधि महाशाखा | ०१-४४१३५८४<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १२७ |
| १९. | निर्देशक<br>श्री दीर्घबहादुर रावल | वित्तीय जानकारी इकाई | ०१-४४१०५१५<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १३० |
| २०. | निर्देशक<br>श्री थानेश्वर आचार्य | कानुन महाशाखा | ०१-४४४३८९५<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ११० |

## ८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

(क) सेवा प्राप्त गर्न लाग्ने दस्तुरः सामान्यतया यस बैंकबाट प्राप्त हुने सेवा प्राप्त गर्न टिकट वा दस्तुर नलाग्ने व्यवस्था गरिएको छ । यस बैंकबाट इजाजतपत्र प्रदान गर्ने सिलसिलामा भने तोकिएबमोजिमको शुल्क बुझाउनुपर्ने व्यवस्था छ ।

(ख) सेवा प्राप्त गर्न लाग्ने अवधिः सेवा प्राप्त गर्न यस बैंकबाट जारी निर्देशिका, सूचना र बडापत्रमा उल्लेख भएबमोजिमको अवधि लाग्नेछ ।

## ९. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस बैंकमा गरिने निर्णयहरू सामान्यतया नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५ (पहिलो संशोधन २०६८) बमोजिम हुने गर्दछन् । नीतिगत निर्णयको हकमा भने सामूहिक निर्णय प्रक्रिया अवलम्बन हुने गर्दछ । मौद्रिक नीति लगायत अन्य महत्वपूर्ण नीति निर्माण गर्दा गभर्नरको अध्यक्षतामा रहेको व्यवस्थापन समितिमा विस्तृत छलफल गरी सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ । वित्तीय क्षेत्रलाई नियमन गर्न जारी गरिने निर्देशन तथा परिपत्रहरूका सम्बन्धमा बरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा रहेको नियमन समितिको सिफारिसमा गभर्नरबाट अन्तिम स्वीकृति प्रदान हुने व्यवस्था रहेको छ ।

नीति निर्देशन कार्यान्वयन एवम् कारवाहीका सम्बन्धमा सम्बन्धित डेपुटी गभर्नरको अध्यक्षतामा रहेको नीति निर्देशन कार्यान्वयन समितिमा छलफल भई गभर्नर वा सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ ।

## १०. निर्णयउपर उजुरी सुन्ने अधिकारी

निर्णय उपर उजुरी सुन्ने अधिकारी निर्णय गर्ने अधिकारीभन्दा एक तह माथिको अधिकारी वा निकाय हुनेछ ।

## ११. सम्पादन गरेको कामको विवरण

(क) मौद्रिक नीतिअन्तर्गतका कार्यहरूको प्रगति विवरण (आर्थिक वर्ष २०७७/७८)

| क्र.सं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | आर्थिक वर्ष २०७७/७८ मा उपभोक्ता मुद्रास्फीतिलाई ६.५ प्रतिशतभित्र सीमित गर्ने । | २०७८ पुस मसान्तको औसत उपभोक्ता मुद्रास्फीति दर ५.६५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति दर ३.५६ प्रतिशत थियो । |
| २ | कम्तीमा सात महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने । | २०७८ पुस मसान्तमा विदेशी विनिमय सञ्चिति रु.१,१६५ अर्ब ८० करोड कायम भएको छ । २०७८ असार मसान्तको तुलनामा यो परिमाण १६.७ प्रतिशतले कम हो । यो सञ्चितिले ७.२ महिनाको वस्तु आयात र ६.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । |
| ३ | आर्थिक वर्ष २०७८/७९ मा आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिँदै अर्थतन्त्र विस्तारमा सहयोग पुग्ने गरी तरलता व्यवस्थापन गर्ने । | आर्थिक वर्ष २०७८/७९ को पहिलो छ महिनामा कुल आन्तरिक कर्जा ८.२ प्रतिशत र मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी १२ प्रतिशतले बढेको छ । जुन अघिल्लो वर्ष क्रमशः ८.७ र ११.० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ३.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो निक्षेप ९.२ प्रतिशतले बढेको थियो । |
| ४ | विस्तृत मुद्राप्रदायको वृद्धिदरलाई १८ प्रतिशतको सीमाभित्र कायम राख्ने । | २०७८ पुस मसान्तमा विस्तृत मुद्राप्रदाय १४.३ प्रतिशतले बढेको छ । |
| ५ | निजी क्षेत्रतर्फको कर्जा विस्तारको सीमा १९ प्रतिशत राख्ने । | बार्षिक विन्दुगत आधारमा २०७८ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २८ प्रतिशतले बढेको छ । |

## (ख) आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न प्रमुख कार्यहरू :

**१. मौद्रिक व्यवस्थापन :** आर्थिक वर्ष २०७८/७९ को छ महिनामा रिभर्स रिपोमार्फत रु.२८ अर्ब ३५ करोड र निक्षेप सङ्कलन उपकरणमार्फत रु.३१ अर्ब ६५ करोड गरी कुल रु.६० अर्ब तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा दुवै उपकरणमार्फत रु.२४१ अर्ब ३४ करोड तरलता प्रशोचन भएको थियो ।

यसै गरी, सोही अवधिमा रिपोमार्फत रु.३२३ अर्ब ८५ करोड, सोझै खरिद उपकरणमार्फत रु.२७ अर्ब २२ करोड र स्थायी तरलता सुविधामार्फत रु.३,०१५ अर्ब ८९ करोड गरी कुल रु.३,३६६ अर्ब ९६ करोड तरलता प्रवाह गरिएको छ ।

समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) मा अमेरिकी डलर ६६ करोड ७४ लाख खुद खरिद गरी रु.८० अर्ब २६ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर २ अर्ब १२ करोड खुद खरिद गरी रु.२५१ अर्ब २ करोड तरलता प्रवाह गरिएको थियो ।

**२. विदेशी विनिमय व्यवस्थापन :** २०७८ असार मसान्तमा रु.१३९९ अर्ब ३ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १६.७ प्रतिशतले कमी आई २०७८ पुस मसान्तमा रु.११६५ अर्ब ८० करोड कायम भएको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७८ असार मसान्तमा रु.१,२४४ अर्ब ६३ करोड रहेकोमा २०७८ पुस मसान्तमा १८.४ प्रतिशतले कमी आई रु.१,०१५ अर्ब ५९ करोड कायम भएको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा रु. १५४ अर्ब ३९ करोड रहेकोमा २०७८ पुस मसान्तमा २.७ प्रतिशतले कमी आई रु.१५० अर्ब २१ करोड कायम भएको छ । २०७८ पुस मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४.५ प्रतिशत रहेको छ ।

३. **वित्तीय पहुँच :** सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार गर्ने नेपाल राष्ट्र बैंकको नीति सफलताको नजिक पुगेको छ । २०७८ पुस मसान्तसम्ममा मुलुकका ७५३ स्थानीय तहमध्ये ७५० स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार भइसकेको छ । धादिङको रुबी भ्याली, जाजरकोटको जुनीचाँदी र बझाङको साइपाल गाउँपालिका गरी तीन वटा स्थानीय तहमा वाणिज्य बैंकको शाखा स्थापना हुन बाँकी छ । भौतिक पूर्वाधार र सूचना प्रविधिको पर्याप्त विकास हुन नसकेका कारण उल्लिखित स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति हुन नसकेको हो । समीक्षा अवधिसम्ममा मुलुकभर बैंक तथा वित्तीय संस्थाका ११,२१५ शाखा विस्तार भएका छन् । यससम्बन्धी अद्यावधिक विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

**४. मर्जर तथा प्राप्ति :** मर्जर तथा प्राप्तिसम्बन्धी नीतिको परिणामस्वरूप नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको संख्या २०७८ पुसमा १२९ कायम भएको छ । यसमा वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, लघुवित्त विकास बैंक र पूर्वाधार विकास बैंकहरूको संख्या क्रमशः २७, १७, १७, ६७ र १ रहेको छ । वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्तिसम्बन्धी प्रक्रिया सुरु गराएपश्चात् २०७८ पुस मसान्तसम्म कुल २३९ बैंक तथा वित्तीय संस्थाहरू मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १७७ संस्थाहरूको इजाजत खारेज हुन गई ६२ संस्था कायम भएका छन् ।

**५. मौद्रिक नीति/अनुसन्धान :** चालु आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीति मिति २०७८ साउन २९ गते जारी भएकोमा सो नीतिको पहिलो त्रयमासिक समीक्षा मिति २०७८ मङ्सिर १० गते सार्वजनिक गरिएको छ । यस बैंकको आर्थिक अनुसन्धान विभागले मुलुकको प्रमुख आर्थिक तथा वित्तीय

सूचकाङ्कहरूको जानकारी दिने मासिक प्रकाशन 'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति' अन्तर्गत आर्थिक वर्ष २०७८/७९ को को पहिलो छ महिनासम्मको तथ्याङ्कमा आधारित प्रतिवेदन सार्वजनिक गरेको छ । साथै समीक्षा अवधिमा उक्त विभागबाट विभिन्न अध्ययन/अनुसन्धान भई सोको प्रतिवेदन वेबसाइटमार्फत सार्वजनिक गरिएको छ ।

बैंकबाट जारी भएका मौद्रिक नीति, पहिलो त्रयमासिक समीक्षा, देशको वर्तमान आर्थिक एवम् वित्तीय स्थिति लगायत अन्य काम कारवाहीको विस्तृत विवरण बैंकको वेबसाइटमा देहायबमोजिम तथा अन्य लिङ्कमा गई हेर्न सकिने व्यवस्था गरिएको छ ।

https://www.nrb.org.np/contents/uploads/2021/08/Monetary-Policy-2078-79-1.pdf

https://www.nrb.org.np/contents/uploads/2021/11/Monetary-Policy-2078-79-1st-Quarter-Review.pdf

https://www.nrb.org.np/contents/uploads/2022/02/Current-Macroeconomic-and-Financial-Situation-Nepali-Based-on-Six-Months-data-of-2078.79.pdf

https://www.nrb.org.np/contents/uploads/2022/02/Current-Macroeconomic-and-Financial-Situation-English-Based-on-Six-Months-data-of-2021.22.pdf

https://www.nrb.org.np/red/current-macroeconomic-and-financial-situation-tables-based-on-six-months-data-of-2021-22/

## १२. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बरः

प्रमुख
गभर्नर श्री महाप्रसाद अधिकारी
फोन नं.: ०१-४४१०३८६
०१-४४१९-८०४ (८०५-८०७)
एक्सटेन्सन नं. १११

प्रवक्ता
कार्यकारी निर्देशक डा. गुणाकर भट्ट
फोन नं.: ०१-४२२२३२०
०१-४४१९-८०४(८०५-८०७)
एक्सटेन्सन नं. ४९१

सह-प्रवक्ता तथा सूचना अधिकारी :
निर्देशक श्री नारायणप्रसाद पोखेल
फोन नं.: ०१-४४१९-८०४ (८०५-८०७)
एक्सटेन्सन नं. १४१

## १३. ऐन, नियम र निर्देशिकाको सूची

**ऐनहरू**

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन २०७३ सहित) ।
२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) ।
३. बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन, २०५८ ।
४. वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ (संशोधन सहित) ।
५. राष्ट्र ऋण ऐन, २०५९ ।
६. कम्पनी ऐन, २०६३ ।
७. दामासाही ऐन, २०६३ ।
८. सुरक्षित कारोबार ऐन, २०६३ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ।
१०. सार्वजनिक खरिद ऐन, २०६३ ।
११. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (दोस्रो संशोधन २०७०) ।
१२. बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ (पहिलो संशोधन २०७३) ।
१३. सूचनाको हक सम्बन्धी ऐन, २०६४ ।

**नीति, विनियमावली तथा निर्देशिका**

१. खुला बजार कारोबार विनियमावली, २०७१ ।
२. नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (चौथो संशोधन २०७७ सहित) ।
३. भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७७ ।
४. समस्याग्रस्त संस्था रिजोलुसन विनियमावली, २०७१ ।
५. वित्तीय मध्यस्थता सम्बन्धी विनियमावली, २०५६ ।
६. नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन २०७४ सहित) ।
७. नेपाल राष्ट्र बैंक प्रकाशन निर्देशिका, २०६८ ।
८. नेपाल राष्ट्र बैंक बजेट निर्देशिका, २०६१ (दोस्रो संशोधन २०७२ सहित) ।
९. नोट छपाइ तथा सिक्का टकमरी निर्देशिका, २०६५ (पहिलो संशोधन २०७५ सहित) ।
१०. ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१ ।
११. नेपाल राष्ट्र बैंक राष्ट्र ऋण व्यवस्थापन मार्गदर्शन, २०७४ ।
१२. नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५ (पहिलो संशोधन २०६८ सहित) ।
१३. नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५ (पहिलो संशोधन २०७४ सहित) ।
१४. बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ ।
१५. नेपाल राष्ट्र बैंक कार्य व्यवस्था विनियमावली, २०५९ ।
१६. राष्ट्र ऋण नियमावली, २०५९ (दोस्रो संशोधन २०६७ सहित) ।
१७. नेपाल राष्ट्र बैंक नोट धुल्याउने नियमावली, २०५९ (पहिलो संशोधन २०७४ सहित) ।

१८. नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९ ।

१९. नेपाल राष्ट्र बैंक नोट सट्टाभर्ना नियमावली, २०५९ ।

२०. नेपाल राष्ट्र बैंक नोट तथा सिक्का नियमावली, २०५९ ।

२१. नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ ।

२२. नेपाल राष्ट्र बैंक संचालक समितिको बैठक तथा छाप सम्बन्धी विनियमावली, २०६३ ।

२३. नेपाल राष्ट्र बैंक नगद सम्बन्धी विनियमावली, २०६३ ।

२४. नेपाल राष्ट्र बैंक कागजात धुल्याउने विनियमावली, २०६४ ।

२५. नेपाल राष्ट्र बैंक उच्च अध्ययन सम्बन्धी कार्यविधि, २०६२ (संशोधन सहित) ।

२६. Nepal Rastra Bank IT Policy, 2068

२७. विदेशी बैंकका शाखा स्थापना सम्बन्धी नीति, २०६६ ।

२८. अन्तिम ऋणदाता सम्बन्धी नीतिगत व्यवस्था, २०६७ ।

२९. विदेशी विनिमयमा ऋण लिने दिने सम्बन्धी व्यबस्था ।

३०. बैंक तथा वित्तीय संस्था एक आपसमा गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली, २०७३ (दोश्रो संशोधन २०७४ सहित) ।

३१. राष्ट्रिय लघुवित्त नीति, २०६४ ।

३२. ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका, २०६९ ।

३३. शोधनान्तर तथ्याङ्क सङ्कलन निर्देशिका, २०६१ (BOP Manual, 2061)

३४. अन्तर बैंक भुक्तानी सम्बन्धी कार्यविधि २०७३ ।

३५. Assets (Money) Laundering Prevention Rule, 2016

३६. मौद्रिक नीति तर्जुमा कार्यविधि, २०७३ ।

३७. नेपाल राष्ट्र बैंक विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी कार्यविधि, २०७२ ।

३८. नेपाल राष्ट्र बैंक खर्च व्यवस्थापन विनियमावली २०६४ (संशोधन सहित) ।

३९. Foreign Currency Loan Policy 2059

४०. नेपाल राष्ट्र बैंक लेखा निर्देशिका २०६५ (दोस्रो संशोधन २०७३) ।

४१. NRB Board of Directors Meeting and Seal Related Byrules 2063 revised

४२. Qualification of Directors and CEO Bylaws, 2074

४३. उपभोक्ता मूल्य सङ्कलन तथा निरीक्षण निर्देशिका, २०७३ ।

४४. नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोवार इजाजत पत्र तथा निरीक्षण विनियमावली,२०६७ ।

४५. नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ ।

४६. नेपाल राष्ट्र बैंक मनिचेञ्जर विनियमावली, २०६७ ।

४७. Payment System Oversight Framework

४८. सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्री सम्बन्धी कार्यविधि, २०७५ ।

४९. हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवं प्रक्रियागत व्यवस्था, २०७० (दोस्रो संशोधन, २०७५) ।

५०. पूर्वाधार विकास बैंकको इजाजत सम्बन्धी नीतिगत व्यवस्था, २०७४ ।

५१. नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७।

५२. सरकारी कारोबार निर्देशिका, २०७६ (पहिलो संशोधन २०७७ सहित)।

५३. नेपाल राष्ट्र बैंक सूचना तथा सञ्चार नीति, २०७७।

५४. भुक्तानी प्रणाली निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७८ ।

## १४. आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी विवरण

बै.फा.१७४

**नेपाल राष्ट्र बैंक**

**२०७८ पुष ३० गतेको मासिक वित्तीय अवस्थाको विवरण (अपरिष्कृत)**

**नेपाल राष्ट्र बैंक ऐन, २०५८ दफा ९३ (२) बमोजिम**

| विवरण | यस महिना (रु) | गत महिना (रु) |
|---|---|---|
| **सम्पत्ति** | | |
| नगद तथा नगद समान | ४१८,९९९,५३५,३३९ | ४१२,८३८,४२२,६४९ |
| व्यापारिक सम्पत्ति | २,१६३,८३२,००० | २,२२२,००१,५०० |
| जोखिम व्यवस्थापनको लागि धारण गरिएका डेरिभेटिभ (Derivative) सम्पत्ति | - | - |
| बैंक तथा वित्तीय संस्थालाई दिइएको ऋण तथा सापटी | २४७,८३१,६४९,५३३ | २४३,०५०,६०३,१८५ |
| अन्य ऋण तथा सापटी | १६,०४९,६९४,५४८ | १५,५५५,००४,७१७ |
| नेपाल सरकारलाई दिइएको ओभरड्राफ्ट | - | - |
| सुन तथा चाँदी | ८४,५१९,०२५,७०५ | ८८,३०५,७२२,७७४ |
| लगानी | ७१४,१६३,१७१,९७२ | ८०१,३९७,५२६,६१२ |
| स्टक मौज्दात | २,०३५,२३७,००४ | १,६८१,७१५,३३६ |
| सम्पत्तिहरुमा लगानी | - | - |
| स्थीर सम्पत्ति तथा उपकरण | ३,५१९,६१६,३७२ | ३,४४८,९०९,२२६ |
| अदृश्य सम्पत्ति | ६५,४४९,५८६ | ६५,४४९,५८६ |
| अन्य सम्पत्ति | ८३२,१९२,८५० | १,६८९,५०२,५७८ |
| **जम्मा सम्पत्ति** | **१,४९०,१७९,४०४,९०९** | **१,५७०,२५४,८५८,१६३** |
| | | |
| **दायित्व तथा पुँजीअंश** | | |
| **दायित्व** | | |
| व्यापारिक प्रयोजनका लागि धारण गरिएका वित्तीय दायित्व | - | - |
| जोखिम व्यवस्थापनको लागि धारण गरिएका डेरिभेटिभ (Derivative) दायित्व | - | - |
| भूक्तानी दिनुपर्ने बिल | २९७,८६९,५६६ | १३८,१२२,५७३ |
| बैंक तथा वित्तीय संस्थाको निक्षेप | १५७,११८,६७६,२३० | १६०,२८५,२६२,९२६ |
| नेपाल सरकारको निक्षेप | २६६,८०६,३०९,२३५ | २९४,८९४,४६६,५४१ |
| अन्य निक्षेप | १५,९६४,५४६,२७५ | १५,८२८,५५७,७७३ |
| अल्पकालीन ऋण | - | - |
| आई.एम.एफ सम्बन्धी दायित्व | ४८,३४८,५२२,०५५ | ४८,३४८,५२२,०५५ |
| कर्मचारी दायित्व | २,७७६,१०४,०१४ | २,५८६,०७५,४५९ |
| अधिनस्थ दायित्व (Subordinated Liabilities) | - | - |
| व्यवस्थाहरु | - | - |
| अन्य दायित्व | १,०६५,२४६,७६३ | ४,१९२,२६७,८१२ |
| चलन चल्तीमा रहेको नोट | ६३०,६४८,९६५,७२६ | ६५४,८८१,७६७,९१७ |
| नेपाल सरकारलाई तिर्नुपर्ने बचत रकम | २,५००,०००,००० | ५,०००,०००,००० |
| **जम्मा दायित्व** | **१,१२५,५२६,२३९,८६४** | **१,१८६,१५५,०४३,०५६** |
| **पुँजीअंश** | | |
| पुँजी | ५,०००,०००,००० | ५,०००,०००,००० |
| जगेडा कोष तथा बचत | ३५९,६५३,१६५,०४५ | ३७९,०९९,८१५,१०७ |
| गैर नियंत्रित स्वार्थ (Non-Controlling Interest) | - | - |
| **जम्मा पूँजीअंश** | **३६४,६५३,१६५,०४५** | **३८४,०९९,८१५,१०७** |
| **जम्मा दायित्व तथा पूँजीअंश** | **१,४९०,१७९,४०४,९०९** | **१,५७०,२५४,८५८,१६३** |

| ............................ | ........................................ | ........................................ | ........................................ |
|---|---|---|---|
| **(रमेश अर्याल)** | **(केशव प्रसाद तिमिल्सिना)** | **(सुदिप फुयाल)** | **(मुकुन्दकुमार क्षेत्री)** |
| **सहायक निर्देशक** | **उप निर्देशक** | **निर्देशक** | **कार्यकारी निर्देशक** |

## १५. अन्य विवरण

### (क) नेपाल राष्ट्र बैंकको वेबसाइट : www.nrb.org.np

### (ख) अन्य प्रकाशित पुस्तक/पुस्तिका एवम् सूचना सामग्रीहरू

नेपाल राष्ट्र बैंक समाचार – मासिक

NRB News – त्रयमासिक

नेपाल राष्ट्र बैंक समाचार वार्षिकोत्सव विशेषाङ्क– वार्षिक

मिर्मिरे– अर्धवार्षिक

देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति – मासिक

मौद्रिक नीति – वार्षिक

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा – अर्धवार्षिक

मौद्रिक नीतिको त्रैमासिक समीक्षा – त्रैमासिक

वार्षिक प्रतिवेदन– वार्षिक

NRB Economic Review– अर्धवार्षिक

Macroeconomic Indicators– त्रैमासिक

नेपाल राष्ट्र बैंकको वित्तीय विवरण – मासिक

Nepal Rastra Bank: Then, Now and Ahead; April 2016

विद्यार्थीसँग नेपाल राष्ट्र बैंक, २०७७ पुस

Sixty Years of Nepal Rastra Bank

Reflection of Former Governors

### (ग) केन्द्रीय कार्यालयका टेलिफोन नम्बरहरू

केन्द्रीय कार्यालय, बालुवाटरका टेलिफोन एक्सचेन्जका नम्बरहरू
४४१९८०४/८०५/८०६/८०७
केन्द्रीय कार्यालयका हण्टिङ टेलिफोन नम्बरहरू
४४२१२००
४४१९८०५
४४११२५०

### (घ) बैंकिङ विभाग, बालुवाटार, काठमाडौंका टेलिफोन नम्बरहरू

४४४१०४४/४६/३८/५५

(ङ) **प्रदेशस्थित कार्यालयका टेलिफोन नम्बरहरू**

| क्र.सं. | कार्यालयको नाम | स्थान | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १. | ने.रा.बैंक, विराटनगर कार्यालय | विराटनगर | ०२१-४४२१९० | ०२१-४४२३१९ |
| २. | ने.रा.बैंक, जनकपुर कार्यालय | जनकपुर | ०४१-४२६३६२ | ०४१-४२६२७७ |
| ३. | ने.रा.बैंक, वीरगञ्ज कार्यालय | वीरगञ्ज | ०५१-४१८१५३ | ०५१-४१८१०२ |
| ४. | ने.रा.बैंक, पोखरा कार्यालय | पोखरा | ०६१-४६२७१४ | ०६१-४६२५६१ |
| ५. | ने.रा.बैंक, सिद्धार्थनगर कार्यालय | सिद्धार्थनगर | ०७१-५२०३४४ | ०७१-५२०१८९ |
| ६. | ने.रा.बैंक, नेपालगञ्ज कार्यालय | नेपालगञ्ज | ०८१-५२०३२६ | ०८१-४१५०८३ |
| ७. | ने.रा.बैंक, धनगढी कार्यालय | धनगढी | ०९१-५२७७०८ | ०९१-५२१३२२ |
| ८. | ने.रा.बैंक, सुर्खेत कार्यालय | सुर्खेत | ०८३-५२०५१७ | ०८३-५२३८८१ |